**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १० प्रमाणीकरण मिति :- २०७६/०७/२९

प्रकाशन मिति :- २०७७/१०/२९

## भाग - २

### पशुपंक्षी पालन समूह/समिति दर्ता तथा नविकरण (कार्यविधि २०७६)

**प्रस्तावनाः** यस भजनी नगरपालिका क्षेत्र भित्रका कृषकहरुको समुह/समिति परिचालन गर्न क्रियाशिल बनाउन सरकारी, गैरसरकारी/संघ संस्थाको कार्यक्रम संचालन समूह/समिति अद्यावधिक गर्न निश्चित किसिमका पशुपंक्षी (गाई/भैंसी, भेडा, बाख्रा, बंगुर/कुखुरा, हाँस, ब्रोइलर, लेयर्स, माछा आदि) पालन गरेको उत्पादन उद्देश्य (दुध, अण्डा, उन) लागि समूह/समिति गठन गरी उक्त समूह/समिति दर्ताका लागि यो समूह/समिति दर्ता तथा नविकरण कार्यविधि २०७६ तयार गरिएको छ ।

**(क) संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "समूह/समिति फर्म दर्ता तथा नविकरण कार्यविधि २०७६" रहनेछ ।

२. यो समूह/समिति दर्ता नविकरण कार्यविधि २०७६ कार्य पालिकाको स्वीकृत मिति देखि तत्काल लागु हुनेछ ।

**(ख) परिभाषाः** समूह समिति दर्ता नविकरण कार्यविधि २०७६ अर्को अर्थ नलागेका निम्न अनुसार पारिभाषित गरिएको छ ।

**१. समूहः** निश्चित पशुपालन (गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा आदि) निश्चित उत्पादन उद्देश्य ( मासु, दुध, अण्डा, उन) का लागि नगर क्षेत्रका गाउँ/टोल वडा भित्रका महिला/पुरुष वा मिश्रित रुपमा भेला भइ छलफल गरी समूह निर्माण गठन भएको जमात समूह मानिनेछ ।

**२. समितिः** गाउँ/वडा तथा नगर क्षेत्र भित्रका विभिन्न समूहहरु सहभागि समन्वय गराइ गठन गरी बनाइकालाई समिति मानिनेछ ।

**३. समूह/समिति गठनः** वडा, गाउँ, टोलका कृषकहरु भेला भइ समूह/समिति संचालन, कार्यन्वयन सक्रियताका लागि पदाधिकारीहरुको छनौट गरी समूह/समिति गटन गर्न सक्नेछन् ।

**(ग) समूह गठन प्रक्रिया पदावधि तथा क्रियाकलापः** देहाय बमोजिम समूह गठन प्रक्रिया, पदावधि र क्रियाकलाप हुनेछन ।

१. निश्चित  किसिमका पशु/पंक्षी पालनका लागि आफनो गाउँ/टोल वडाका कृषकहरु भेला भई छलफल चलाई समूह गठन गर्न सकिनेछ ।

२. समूह निर्माण गर्दा पायक पर्ने, विचार उद्देश्य मिल्ने सम्भव भए सम्म नजिकका कृषकहरु वीच समूह गठन गर्न सकिने छ ।

३. एक समूहमा १० देखि २५ जना सम्मको सहभागी सदस्यहरु राख्न सकिनेछ ।

४. समूह बनाउदा सम्भाव भएसम्म समानुपातिक किसिमको, दलित, जानजाति, महिला, पुरुषहरुको समूह निर्माण गर्नु पर्नेछ ।

५. यस्ता समूह बनाउँदा/महिला/पुरुष/मिश्रित पनि बनाउन सकिन्छ ।

६. समूह निर्माण गर्दा कृषकहरु आफै स्वतः स्फुर्त ढंगले वा गैर सरकारी/सरकारी संघ संस्थाको सहयोगमा निर्माण गर्न सकिनेछ ।

७. समूह निर्माण गर्दा विधि अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु हुने गरी समूह गठन गर्न सकिन्छ । कम सहभागी सदस्य संख्या भएको समूहमा उपाध्यक्ष राख्न आवश्यक हुने छैन ।

**(घ) समूह/संचालन विधि प्रक्रियाः-**

१. समूह निर्माण पश्चत प्रत्येक महिनाको निश्चित गरिएको मिति स्थानमा नियामित बैठक संचालन गर्नु पर्नेछ ।

२. नियमित बैठकको दिन उक्त महिनामा पशु पालन सम्बन्धि क्रियाकलापको बारेमा छलफल चलाउनु पर्नेछ । उक्त छलफलको प्रस्ताव निर्णय, निष्कर्ष अनिवार्य रुपमा छलफल भएका विषय निर्णय पुस्तिकामा लेखन गरिनेछ ।

३. प्रत्येक सदस्यहरु तोकिएको रकम हितकोष वापत रकम अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ । उक्त रकम पायक पर्ने बैंक/सहकारीमा खाता खोली जम्मा गर्नु पर्नेछ । खाता संचालन गर्दा समूह अध्यक्ष, कोषाध्यक्ष, सचिवको संयुक्त दस्तखतमा बचत खाता खोली संचालन गर्नु पर्नेछ ।

४. उक्त हितकोषको रकम विशुद्ध रुपमा पशुपालन कार्यका लागि सामूहिक/व्यक्तिगत ऋृण सहयोग रुपमा लगानी गर्न सकिनेछ । उक्त रकमलाई निश्चित गरिएको न्यून ब्याजदरमा लगानी गर्नुपर्नेछ । उक्त रकमका ब्याज, साँवा तोकिएको समयमा बुझाउनु पर्नेछ । अन्यथा समूहले हार्जना  तोकी ब्याज, साँवा असुल गर्न सक्नेछ ।

५. समूहले आफूले पालेको पशुहरुको अभिलेख राख्नु पर्नेछ । उक्त अभिलेख स्थानिय तह सम्बन्धित शाखा सरोकारवाला संघसंस्थामा फोम दर्ता बखत र नविकरण गर्दा बखत बुझाउनु पर्नेछ ।

६. पशुधन जोखिम न्यूनिकरणका लागि पशु विमा गर्नु पर्नेछ ।

७. समूहको संक्षिप्त विधान तयार गर्नुपर्नेछ । उक्त विधान संम्बन्धित निकाय  सरोकारवाला संघसंस्थामा पेश गर्नु पर्नेछ ।

८. समूहको पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ । उक्त कार्यअवधि पछि पुनः अर्को पदाधिकारी विधिपूर्वक छनौट गर्नुपर्नेछ । कुनै पदाधिकारी, निस्किय भएमा जिम्मेवारीबाट बंचित हुन चाहेमा/बंचित गर्नु पर्ने भएमा छलफल गरी नियमानुसार उक्त पदबाट वा समूहबाट बंचित गर्न सकिनेछ । अथवा कुनै पदाधिकारी गैर जिम्मेवारीपूर्ण, आचरण विपरित समूह समिति विपरित कार्य गरेमा समुह विधानमा व्यवस्था भएको आधारमा उक्त समूह/पदबाट हटाउन सकिने छ ।

**(ङ) समूहका पदाधिकारीहरुको जिम्मेवारी दायित्व कर्तब्य देहाय बमोजिम हुनेछ ।**

**१. अध्यक्षः** अध्यक्षता ग्रहण गर्ने बैठक संचालन गर्ने  र छलफलका लागि आहवान गर्न निर्णय लिने । कोषको जिम्मेवारी लिन समन्वय गर्ने ।

**२. उपाध्यक्षः** अध्यक्ष नभएमा अध्यक्ष जिम्मेवारी उपाध्यक्षले गर्ने ।

**३. सचिवः** समूहको निर्णयमा सहयोग पुऱ्याउने अभिलेख राख्ने । अन्य लेखन कार्य गर्ने ।

**४. कोषाध्यक्षः** कोषको सम्पूर्ण काम गर्ने ।

**५. सदस्यहरुः** छलफलमा सहभागी हुने आवश्यक निर्णय विचार, मत जाहेर गर्ने ।

**(च) समूह/समिति दर्ता प्रक्रियाः-** समूह/समिति गठन प्रक्रिया नगरपालिका पशु सेवा शाखामा दर्ता गर्नुपर्नेछ । समूह/ दर्ताका लागि निम्न प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) समूह/समिति विधान तयार गरी पेश गर्नुपर्नेछ ।

(ख) समूहको हितकोष विवरण (जम्मा रकम, लगानी रकम, मौज्दात, नगद आदि) खाता संचालनको विवरण, वित्तिय संस्थाको नाम आदि उल्लेख गर्नुपर्नेछ ।

(ग) पशुको तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ ।

(घ)समूह/समितिको निर्णय प्रतिलिपि

(ङ) सम्बन्धित वडाको सिफारिस पत्र

(च) समूह/समिति दर्ताका लागि नगरपालिकाले तोकेको राजश्व दस्तुर बुझाएको रसिद

(छ) तोकिएको ढाँचाको निवेदन दरखास्तमा समुह/समितिले तयार पारेको प्रमाणीत छाप सहित पेश गर्नु पर्नेछ ।

(झ) समूहको पदाधिकारी भेलाको फोटो आदि

**(छ) समूह नविकरणः** संचालित समूह नविकरण नियमित रुपमा गर्नुपर्नेछ । समूहको सम्बन्धित कागजात र समूहको निर्णय प्रतिलिपी तोकिएको ढाँचाको दरखास्त फाराम सहित पशु सेवा शाखामा सम्पर्क राख्ने ।

१. सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. समूहको विवरण (दलित/जनजाति/अन्य विवरण/हितकोष विवरण), पशुको तथ्याङ्क पेश गर्नु पर्नेछ ।

३. वार्षिक आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ज) **दर्ता अभिलेख** : यस कार्यविधि अनुसार दर्ता हुन आएका पशुपंक्षी पालन समुह/समिति दर्ता तथा नविकरणको अभिलेख भजनी नगरपालिका पशु सेवा शाखाले निश्चित ढाँचामा राख्नुपर्ने छ ।

# समुह दर्ताको लागी निवेदन

श्रीमान कार्यालय प्रमूख ज्यू । मितिः..................................................

भजनी नगरपालिका

पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- समुह दर्ता गरी पाउँ ।**

श्री ............................................ शाखा/इकाई /संस्थाको सहयोगमा/ हामि आफै संगठित भई .................................... न.पा.मा गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपी सहित यो निवेदन गरिएको छ ।

.......................................................

समुह अध्यक्षको दस्तखत

नाम ः

मिति ः

समुहको विवरण

समुहको नाम ः.............................................. स्थापना वर्ष ः ..................................................

ठेगाना, .......................जिल्ला ................ न.पा............................वडा नं. ............. टोल .......................

समुहको उदेश्य ः .................................................................

नियमित बैठक बस्ने दिन ................................

प्रति महिना समुहको हितकोषमा संकलन हुने रु. ........................

हालसम्म हितकोषमा जम्मा रकम रु. ....................................

सिफारीस गर्ने सेवा/सम्पर्क केन्द्रको प्रमुखको सहि .....................

सम्पर्क नं. ...................................

श्रीमान कार्यालय प्रमूख ज्यू । मितिः..................................................

भजनी नगरपालिका

पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- समुह नविकरण गरी पाउँ ।**

विगत ................ सालमा समूह/समिति दर्ता गरी हाल सम्म भजनी नगरपालिका वडा नं. ............ टोल................................................ मा समूह/समिति क्रियाशिल भई संचालन भई रहेकाले समूह/समितिको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार समूह/समिति नविकरण गरी पाउँ भनि यो निवेदन पेश गरेको छौं ।

**<u>तपसिल</u>**

१. सम्बन्धित वडाको सिफारिस पत्र

२. पशुपंक्षीको तथ्याङ्क विवरण

३. समूह/समितिको विवरण

४. हितकोष विवरण

५. पशुपंक्षी उत्पादन अभिलेख

६. समूह/समितिको निर्णय प्रतितिलिपी

७. अन्य कागजातहरु

**<u>निवेदक</u>**

समूह/समितिको नामः..............................

दस्तखत ः

अध्यक्षः...............................................

सचिवः........................................................

कोषाध्यक्षः..................................................

ठेगानाः........................................................

सम्पर्क नं.....................................................

भजनी नगरपालिका, पशु सेवा शाखा, भजनी कैलाली

समुह दर्ता रजिष्टरको नमुना

| सि.न. | दर्ता नं. | दर्ता मिति | समुहको नाम | ठेगाना | समुहको किसिम | स. स. संख्या | गठन मिति | समुह हित कोष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## पशुपंक्षी पालन समुह दर्ता प्रमाणपत्र नमुना

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भजनी कैलाली

सुदुरपश्चिम प्रदेश

## पशुपंक्षी पालन समुह दर्ता प्रमाणपत्र

समुह पद्धतीलाई सुब्यवस्थित गर्दै पशुपालन कार्यलाई टेवा पुर्याउने उदेश्यले यस जिल्लाको .......................न.पा. वडा नं. ................मा मिति .......................मा गठित श्री ........................... पशुपंक्षी पालन समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

.................................................... ....................................................

शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

(कृर्षी शाखा)

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने कार्यालय प्रमुख | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत